NJ: NUTA

# कर्णाली प्रदेशमा सहरीकरणको वर्तमान अवस्था

## (Present Situation of Urbanization in Karnali Province)

**लालबहादुर ओली र शेरबहादुर गुरुङ**
भूगोल केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, नेपाल
olilalbahadur5@gmail.com; sher.gurung@cdg.tu.edu.np
https://orcid.org/0000-0003-1442-8131
DOI:10.3126/nutaj.v10i1-2.63075

**लेखसार**

यो अध्ययन कर्णाली प्रदेशमा सहरीकरणको वर्तमान अवस्थामा केन्द्रित छ । यस अध्ययनमा कर्णाली प्रदेशका नगरपालिकाहरूको स्थापना र विकासक्रमको विवरण, जिल्लागत नगर जनसङ्ख्या, नगरपालिकाहरूको जनसङ्ख्या, नगर जनघनत्व, नगरपालिकाहरूको वार्षिक जनसङ्ख्या वृद्धिदर र कर्णाली प्रदेशमा सडक सञ्जाल, सहरी विकास सम्भावनाका बारेमा द्वितीय स्रोतबाट प्राप्त सूचना र तथ्याङ्कहरूलाई भौगोलिक सूचनाप्रणालीको उपयोग गरी वर्णनात्मक विधिबाट विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ । नेपालले मुख्य रूपमा जनसङ्ख्यालाई मुख्य आधार मानेर समयक्रममा सहरी क्षेत्र तोक्ने आधारहरू परिवर्तन गर्दै आएको छ । हाल नेपालमा ६वटा महानगरपालिका ११ वटा उपमहानगरपालिका र २७६ वटा नगरपालिकाहरू गरी कुल २९३ नगर क्षेत्रहरूको स्थापना भएको छ । यीमध्ये कर्णाली प्रदेशमा कुल ७९ स्थानीय तह रहेका छन्, जसमा २५ वटा नगरपालिका रहेका छन् । अध्ययनको निष्कर्षअनुसार नगर सङ्ख्याको हिसाबले हेर्दा कर्णाली प्रदेशमा रहेका कुल १० जिल्लामध्ये सबैभन्दा धैरै ५ नगरपालिकाहरू सुर्खेत जिल्लामा देखिन्छन् भने हुम्ला जिल्ला नगरपालिका विहीन छ । नगरजनघनत्व हेर्ने हो भने सबैभन्दा बढी नगर जनघनत्व (६२८ व्यक्ति प्रतिवर्ग कि.मि) सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा रहेको छ भने सबैभन्दा कम नगर जनघनत्व डोल्पा जिल्लाको ठुलीभेरी नगरपालिकामा (२३ व्यक्ति प्रतिवर्ग कि.मि.) रहेको छ । भौगोलिक विकटता र सडक सञ्जालको कमजोर अवस्था भएकोले कर्णाली प्रदेशमा सहरीकरणको गति पनि सुस्त रहेको छ । हाल निर्माणाधीन अवस्थामा रहेका विभिन्न सडकहरूको निर्माण सम्पन्न भएपछि र नेपाल सरकारको नीति अनरूप स्थापना हुने नयाँ सहरहरूमध्ये कर्णाली प्रदेशमा चारवटा नयाँ सहर स्थापनाले गति लिएपछि कर्णाली प्रदेशमा पनि हालको अवस्थाभन्दा सहरीकरणको स्तर उच्च हुने निश्चित छ । यसर्थ, यस प्रदेशमा सहरी संरचनाको योजनाबद्ध विकासका लागि उपयुक्त नीतिगत व्यवस्था आवश्यक छ ।

*शब्दकुञ्जी* : सहरीकरण, नगरपालिका, जनसङ्ख्या, जनघनत्व, सडकसञ्जाल

## परिचय

### सहरीकरणको अवधारणा

सामान्य भाषामा भन्दा सहरको स्थापना, विकास र विस्तार हुने प्रक्रियालाई सहरीकरण भनिन्छ । सहर (Urban) शब्द ल्याटिन भाषाको Urbanas शब्दबाट उत्पत्ति भएको मानिन्छ, यसको अर्थ परिष्कृत तथा शिष्ट र सभ्य समाज हुन्छ । यसर्थ सहर भनेको सभ्य, परिष्कृत र सुसंस्कृत भएका मानिसहरूको बसोबास स्थल हो

सहरीकरणलाई विभिन्न विद्वान्हरूले आआफ्ना ढङ्गले परिभाषित गरेको पाइन्छ । समाजशास्त्रीहरूले सहरीकरणलाई उच्च जनघनत्व तथा जातीय अनेकता भएको स्थायी बस्तीको रूपमा लिएका छन् भने अन्य विद्वान्हरूले कृषिबाट गैरकृषितर्फ हुने रोजगारीको संरचनात्मक परिवर्तनको भौगोलिक अभिव्यक्ति मानेका छन् । आधुनिक सहरका प्रमुख विशेषताहरूअन्तर्गत विशिष्ट किसिमको श्रमविभाजन, प्रविधिमा आधारित औद्योगिक उत्पादन, वस्तु तथा सेवाको व्यापार, विनिमय,उच्च जनघनत्व र विविधता, यातायात तथा सञ्चार, आधुनिक मूल्यमान्यता आदि पर्दछन् । यसर्थ आधुनिक युगमा सहर नै सभ्यताको परिचायक र मापदण्ड रहँदै आएको मान्न सकिन्छ (शर्मा, २०६०) । यसैगरी Witherick Michael ले भनेका छन् कि सहरीकरण परिवर्तनको एउटा प्रक्रिया हो, जसबाट स्थानहरू र मानिसहरू सहरतर्फ उन्मुख भइरहन्छन् । यसको मूल कारण साना तथा ठुला सहरमा बस्ने जनसङ्ख्यामा वृद्धि हुनु हो । सहरीकरणले मानिसको आम्दानीमा वृद्धि ल्याउँछ, यसर्थ यो बहुआयामिक प्रक्रिया हो । यसर्थ सहरीकरण विकासको प्रकिया हो, जसमा मानिसहरू ग्रामीण क्षेत्रबाट रोजगारीका लागि सहरी क्षेत्रमा बसाइसराइ गर्दछन् । वास्तवमा सहरीकरणले कुनै देश वा भौगोलिक क्षेत्रको अर्थतन्त्रमा, जनसाङ्ख्यिक विशेषताहरूमा (घनत्व, वितरण, बनोट, संरचना), जीवनशैलीमा, बस्तीको आकार र विशेषताहरूमा परिवर्तन ल्याउँछ (शर्मा, २०६४/२०६५) ।

समग्रमा सहरमा उपलब्ध हुने सेवा, सुविधा, स्वास्थ्य र सहरी सौन्दर्यको अभिवृद्धिसहित भौतिक पूर्वाधारमा पहुँच वृद्धि भई सहरी क्षेत्रमा रहने जनसङ्ख्याको अनुपातमा हुने वृद्धिको प्रक्रियालाई सहरीकरण भनिन्छ । यसर्थ सहरीकरण बहुआयामिक प्रक्रिया हो, जसले विशिष्ट किसिमको श्रम विभाजन, प्रविधिमा आधारित औद्योगिक उत्पादन, वस्तु तथा सेवाको व्यापार, विनिमय, जनसङ्ख्या बसाइसराइ, उच्च जनघनत्व र विविधता, यातायात तथा सञ्चार र आधुनिक मूल्यमान्यता लगायत समाजका विविध पाटाहरूलाई समेट्छ र मानव जीवनलाई सुगम, सुविधासम्पन्न तथा समृद्धिपूर्ण बनाउँछ ।

## सहरहरूको उद्भव, विकास र विस्तार

विश्वमा सर्वप्रथम सहरको उदय आजभन्दा ३५०० इसापूर्व इराकको मेसोपोटामियाबाट भएको ठानिन्छ । यसपछि इजिप्ट पर्सिया, भारत, चीनका नदि सभ्यतामा विभिन्न सहरहरूको स्थापना भएको देखिन्छ भने क्रिश्चियन युगको सुरुवातसँगै रोमन साम्राज्यको उदय र चीनमा हान वंशको समयमा सहरको विकासले अझ सङ्गठित रूपमा भयो । सत्रौँ अठारौँ शताब्दीसम्म आइपुग्दा युरोपमा ठुला सहरको विकास भएको देखिन्छ (शर्मा, २०६४/२०६५) । वर्तमान समयमा भूमण्डलीकरणसँगै सामाजिक, आर्थिक विकासको तीव्रता र बसाइँसराइको कारणले विकसित देशहरूका साथै विकाशोन्मुख देशहरूमा पनि सहरीकरण तीव्र रूपमा भइरहेको छ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने सहरको विकास काठमाडौँ उपत्यकाबाट भएको पाइन्छ । भारत र तिव्बतसँगको मध्यस्थ व्यापारका आधारमा अठारौँ शताब्दीसम्म काठमाडौँ उपत्यकामा सहरी अर्थतन्त्रको विकास भएको थियो । नेपालको एकीकरणपछि शासनको केन्द्र काठमाडौँ सहर हुनपुग्यो । यसपछि राणाशासनकालमा नेपालको दक्षिणी भाग तराईका सिमानासम्म भारतीय रेलसेवा विकास र विस्तार भएपछि नेपालको तराई क्षेत्रमा विराटनगर, जनकपुर, भैरहवा, वीरगन्ज र नेपालगन्ज आदि सहरको जन्म भयो । यसपछि सन् १९३० को दशकमा विराटनगरमा कृषिजन्य उद्योगहरूको स्थापनाले त्यस क्षेत्रमा पनि आधुनिक सहरको विकास भयो । नेपाल भारत व्यापार बढ्दै जाँदा तराई र पहाडका नाकाहरूमा पनि बजारको विकास भयो । कतिपय पहाडी क्षेत्रमा प्रशासनिक केन्द्रको रूपमा बन्दीपुर, दैलेख तानसेन, धुलिखेल, चैनपुर, दोलखा आदि साना बजारको विकास भयो । २००७ सालको प्रजातन्त्र स्थापनापश्चात् नेपाल बाह्य विश्वको सम्पर्कमा पुगेपछि नेपालमा योजनाबद्ध आर्थिक

विकास, तराईमा औलो उन्मूलन, यातायात तथा सञ्चारको विकासको सुरुवात भयो । यसैगरी शैक्षिक जागरण, औद्योगीकरण, रोजगारीका अवसरमा विस्तार भयो । यी विभिन्न कारणहरूले गर्दा ग्रामीण क्षेत्रबाट सहरतिर बसाइँसराइ तीव्र भयो र नेपालमा सहरीकरण प्रक्रिया अझ अगाडि बढ्दै गएको छ (शर्मा, २०६०) ।

नेपालमा सहरीकरण प्रक्रिया लामो भए पनि औपचारिक रूपमा १९५२/५४ देखि सहरीकरण सम्बन्धी तथ्याङ्क लिन सुरु भएको हो । सन् १९५२/५४ मा कूल जनसङ्ख्या २.९ प्रतिशत सहरी जनसङ्ख्या रहेको थियो । यसैगरी सन् १९६१ सालको जनगणनामा ३.६ प्रतिशत, सन् १९७१ सालको जनगणनामा ४ प्रतिशत, सन् १९८१ सालको जनगणनामा ६.४ प्रतिशत, सन् १९९१ सालको जनगणनामा ९.२ प्रतिशत, सन् २००१ सालको जनगणनामा १३.९ प्रतिशत, सन् २०११ सालको राष्ट्रिय जनगणनामा १७.१ प्रतिशत र सन् २०२१ सालको राष्ट्रिय जनगणनामा ६६.१७ प्रतिशत सहरी जनसङ्ख्या रहेको देखिन्छ (Subedi, 2014 and NSO, 2023) । यी तथ्याङ्कका आधारमा नेपालमा सहरी जनसङ्ख्या वृद्धि हुँदै गएको देखिन्छ भने हाल करिब दुई तिहाई जनसङ्ख्या सहरी क्षेत्रमा बसोबास रहेको छ ।

यसैगरी नेपालमा सहरी क्षेत्रको सङ्ख्यामा पनि वृद्धि भएको देखिन्छ । विभिन्न समयका जनगणनाअनुसार हेर्ने हो भने सन् १९५२/५४ सालमा १० वटा सहर, सन् १९६१ सालमा १६ वटा, सन् १९७१ सालमा २३ वटा, सन् १९८१ सालमा ३३ वटा, सन् १९९१ सालमा ५८ वटा, सन् २००१ सालमा ५८ वटा सहरी क्षेत्र रहेको देखिन्छ (Subedi, 2014) । यस सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ को मर्मअनुरूप पनि नगरपालिकाहरूको सङ्ख्यावृद्धि भई हाल नेपालमा ६ वटा महानगरपालिका (काठमाडौँ, वीरगन्ज, ललितपुर, भरतपुर, विराटनगर र पोखरा) ११ वटा उपमहानगरपालिका (कलैया, सिमरा, जनकपुर, हेटौँडा, इटहरी, धरान, बुटवल, नेपालगन्ज, तुल्सीपुर, घोराही र धनगढी) र २७६ वटा नगरपालिकाहरू गरी कुल २९३ नगर क्षेत्रहरूको स्थापना भएको देखिन्छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६) ।

कर्णाली प्रदेश सङ्घीय नेपालका सात प्रदेशमध्ये एक महत्त्वपूर्ण प्रदेश हो । यस प्रदेशको क्षेत्रफल ३०,२११ वर्ग कि.मि. रहेको छ । यसले नेपालको २१.६ प्रतिशत भूभाग  ओगट्दछ । जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको कूल जनसङ्ख्या १६८८४१२ रहेको छ भने वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत र जनघनत्व ६० व्यक्ति प्रतिवर्ग कि.मी. प्रतिशत रहेका छ । यसैगरी कूल जनसङ्ख्यामध्ये ५२.१ प्रतिशत (८८०३३९ जना) जनसङ्ख्या नगरजनसंख्या भएको देखिन्छ (NSO, 2023) । त्यसैगरी प्रदेशको कूल ३०,२०९ वर्ग कि.मि. भूभागमध्ये लगभग २० प्रतिशत (६०१४.७४ बर्ग कि.मि.) भूभाग नगरक्षेत्रले ओगटेको देखिन्छ (रेग्मी, २०७५) । यद्यपि विभिन्न नगरहरूको भौतिक पूर्वाधार, सुविधा र सेवास्तर अतिकमजोर रहेको छ । यस प्रदेशमा कूल ७९ स्थानीय तहमध्ये २५ वटा नगरपालिकाहरू मात्र रहेका छन् (नेपाल सरकार, कर्णाली प्रदेश, योजना आयोग २०७७) । यसकारण अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेश सहरीकरण न्यून तथा असन्तुलित रहेको पाइन्छ । यद्यपि विद्यमान नगर तथा बजारक्षेत्रहरूले यस क्षेत्रका ग्रामीण क्षेत्रका लागि सेवा केन्द्रको भूमिका खेल्नुको साथै प्रदेश र समग्र देशको विकास प्रक्रियालाई गति दिन मद्दत पुऱ्याइरहेका छन् ।

प्रस्तुत लेखमा नेपालमा सहरी क्षेत्र तोक्ने आधार, कर्णाली प्रदेशमा नगरपालिकाहरूको स्थापना र विकासक्रम, जिल्लागत सहरी जनसङ्ख्या वितरण, नगरपालिकाहरूको जनसङ्ख्या वितरण, नगर जनघनत्व, वार्षिक जनसङ्ख्या वृद्धिदर र कर्णाली प्रदेशमा सडक सञ्जाल, सहरको विकास र सम्भावनाको विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ ।

## अध्ययन विधि र सामग्री

यो अध्ययन तथ्याङ्कका द्वितीय स्रोतहरूमा आधारित रहेको छ। मुख्यतः केन्द्रीय तथ्याङ्क विभाग र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित विभिन्न जनगणना २०६८ र जनगणना २०७८ का प्रतिवेदनहरूबाट प्राप्त आवश्यक तथ्याङ्क तथा सूचनाहरूमा आधारित भई यो लेख तयार गरिएको छ । यसैगरी विभिन्न पुस्तक, सन्दर्भपुस्तक, कार्यालय प्रतिवेदन, जर्नल तथा अन्य अनलाइन सामग्रीबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई पनि उपयोग गरिएको छ। विविध स्रोतबाट प्राप्त सूचना र तथ्याङ्कहरूलाई भौगोलिक सूचना प्रणालीको उपयोग गरी वर्णनात्मक विधिबाट विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ।

## छलफल र निष्कर्ष

### नेपालमा सहरी क्षेत्रको परिभाषा एवम् वर्गीकरण

सहरीकरणको परिभाषामा एकरूपता रहेको पाइँदैन । कतिपय देशले गैरकृषि पेसामा संलग्न जनसङ्ख्या प्रतिशतका आधारमा सहरी क्षेत्र तोकेको पाइन्छ भने कतिपय देशले जनसङ्ख्याको आकार तथा सहरी सुविधाको आधारमा निश्चित क्षेत्रलाई सहरी क्षेत्र निर्धारण गरेको पाइन्छ। विश्वमा कुनै बस्ती भएको क्षेत्रलाई सहरी क्षेत्र तोक्ने मुख्य आधारको रूपमा तीनवटा पक्षहरू जनसङ्ख्याको आकार, भौगोलिक क्षेत्र र सामाजिक आर्थिक संरचना साथै कार्यात्मक विशेषताहरूलाई लिइन्छ (Subedi, 2014)। नेपालमा मुख्य गरी जनसङ्ख्यालाई आधार मानेर सहरी क्षेत्र निर्धारण गरिएको देखिन्छ। यद्यपि यसलाई सहरी क्षेत्र निर्धारणको वैज्ञानिक आधार मानिँदैन । नेपालले पनि बिगतदेखि हालसम्म सहरी क्षेत्र तोक्ने आधारहरू (Criteria) विभिन्न समयमा परिवर्तन गर्दै आएको छ (तालिका १) ।

**तालिका १ : नेपालमा सहरी क्षेत्र निर्धारणका लागि आधारहरू (सर्तहरू)**

| वर्ष | सर्तहरू (criteria) | कैफियत |
|---|---|---|
| नेपाल राज्य नगरपालिका ऐन २००९ | • १०वटा prominent settlements | सहर |
| २०१८ | • ५,००० भन्दा माथि जनसङ्ख्या<br>• सहरी वातावरण | |
| नगरपञ्चायत ऐन २०१९ | • न्यूनतम १०,००० जनसङ्ख्या<br>• सहरी वातावरण | |
| २०३३ साल पाँचौं संशोधन | • न्यूनतम ९,००० जनसङ्ख्या | नगरपञ्चायत |
| नगरपालिका ऐन, २०४७ | • ९,००० जनसङ्ख्या र सोभन्दा बढी | नगरपालिका |
| नगरपालिका ऐन, २०४८ | • न्यूनतम २०,००० जनसङ्ख्या<br>• आधारभूत सहरी सुविधाहरू | नगरपालिका |

| | | |
|---|---|---|
| स्थानीय विकास स्वायत्त शासन ऐन, २०५५ | • तराई क्षेत्रमा कम्तीमा २०,००० जनसङ्ख्या र पहाडी क्षेत्रमा र हिमाली क्षेत्रमा १०,००० जनसङ्ख्या हुनुपर्ने<br>• बिजुली, सडक, खानेपानी, सञ्चार र न्यूनतम सहरी सुविधा<br>• महानगरपालिका हुनका लागि कम्तीमा ३ लाख जनसङ्ख्या र रु. ४० करोड वार्षिक आय<br>• उपमहानगरपालिका हुनका लागि कम्तीमा १ लाख जनसङ्ख्या, र रु.१० करोड वार्षिक आय,<br>• नगरपालिका हुनका लागि तराईमा २०,००० जनसङ्ख्या, हिमाल र पहाडमा १०,००० जनसङ्ख्या र न्यूनतम ५० लाख वार्षिक आय । | नगरपालिका<br><br><br><br><br><br><br><br>महानगरपालिका<br><br><br>उपमहानगरपालिका |

*स्रोत :* सुवेदी, २०१४ र थापा, २०७५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सहरहरूलाई नगरपालिका उपनगरपालिका महानगरपालिका गरी तीन भागमा वर्गीकरण गरिएको छ। यस ऐनअनुसार सहरीक्षेत्र हुनका लागि निम्न आधारहरू उल्लेख गरिएको छ - कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय २०७४) ।

**१. नगरपालिका**

(क) हिमाली जिल्लाको हिमाली क्षेत्रमा कम्तीमा १०,०००, हिमाली जिल्लाको पहाडी क्षेत्र तथा पहाडी जिल्लामा कम्तीमा ४०,०००, भित्री मधेशका जिल्लामा कम्तीमा ५०,०००, तराईका जिल्लामा कम्तीमा ७५,००० र काठमाडौँ उपत्यकाभित्रका जिल्लामा कम्तीमा १,००,००० स्थायी बासिन्दा भएको, पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय हिमाली क्षेत्रको भए कम्तीमा एक करोड रूपैयाँ र अन्य जिल्लामा भए कम्तीमा तीन करोड रूपैयाँ भएको,

(ख) सडक, सडक पेटी, विद्युत्, खानेपानी, सञ्चार र न्यूनतम सहरी सुविधा भएको,

(ग) फोहोरमैलाको व्यवस्थापन तथा ल्यान्डफिल्ड साइटको उचित प्रबन्ध भएका प्रत्येक वडामा तोकिएबमोजिमको खुल्ला क्षेत्र तथा पार्क उद्यान भएको,

(घ) कम्तीमा पच्चिस शैयाको अस्पताल सुविधा भएको, यात्रु विश्रामस्थल तथा सार्वजनिक शौचालयसहितको बसपार्क भएको, खानेपानी तथा सरसफाईको व्यवस्था भएको,

(ङ) बैङ्क तथा वित्तीय संस्थाको सेवा भएको, सामुदायिक भवन तथा सभाहल भएको, बजार क्षेत्र भएको, पशुवधशाला भएको, शवदाहस्थल भएको, खेलमैदान भएको, नगर गुरुयोजना तयार भएको र

(च) तोकिएबमोजिमका अन्य मापदण्ड पूरा भएको तथा अन्य सहरी सुविधा भएको ।

**२. उपमहानगरपालिका**

(क) कम्तीमा दुई लाख स्थायी बासिन्दा भएको, पछिल्लो पाँचवर्षको वार्षिक औसत आन्तरिक आय कम्तीमा पच्चिस करोड रूपैयाँ भएको,

(ख) कम्तीमा एक सय शैयाको एक अस्पतालसहित कम्तीमा दुई सय शैयाको अस्पताल सुविधा भएको,

(ग) फोहरमैला प्रशोधन तथा व्यवस्थापन प्रणाली भएको, सभाहल भएको, राष्ट्रियस्तरको रङ्गशाला, व्यायामशाला तथा कभर्ड हल भएको, विद्युत्, खानेपानी र सञ्चारसेवाको उपलब्धता भएको,

(घ) नगरभित्रका प्रमुख सडकहरू पक्की भएको, उच्चस्तरीय शिक्षा तथा प्राविधिक शिक्षाको सुविधा भएको,

(ङ) सार्वजनिक उद्यान र नगर सभागृहको व्यवस्था भएको, आधुनिक पशुवधशाला र व्यवस्थित शवदाह स्थल भएको, सार्वजनिक प्रयोगका स्थल र भवनहरू अपाङ्गतामैत्री तथा भौतिक रूपमा पहुँचयोग्य भएको, पर्यटकीय स्तरको होटल, होटल तथा रिसोर्ट भएको, नगरपालिकालाई तोकिएका अन्य पूर्वाधारहरू भएको र

(च) तोकिएबमोजिमको अन्य सहरी सुविधाहरू भएको ।

**३. महानगरपालिका**

(क) कम्तीमा पाँच लाख स्थायी बासिन्दा भएको, पछिल्लो पाँच वर्षको औसत वार्षिक आन्तरिक आय कम्तीमा एक अर्ब रूपैयाँ भएको,

(ख) टर्मिनलसहितको बसपार्क, पार्किङका लागि पर्याप्त सुविधा, सब वे तथा सडकपेटी भएको, सहरी परिवहनको सुविधा तथा अपाङ्गतामैत्री सार्वजनिक सवारी सुविधा भएको, कूल सडक लम्बाइको कम्तीमा पचहत्तर प्रतिशत सडकहरू पक्की भएको,

(ग) स्नातकोत्तर तहसम्मको अध्ययन संस्था भएको, प्राविधिक शिक्षालय भएको, विशेषज्ञ सेवासहितको अस्पताल, एक सय शैयाको कम्तीमा एक साधारण अस्पतालसहित कम्तीमा पाँच सय शैयाको अस्पताल सुविधा भएको,

(घ) व्यवस्थित तरकारी तथा फलफूल बिक्री केन्द्र भएको, सपिङ्ग मलहरू भएको, अन्तर्राष्ट्रियस्तरको खेलकुद सञ्चालन गर्न उपयुक्त रङ्गशाला भएको,

(ङ) अन्तर्राष्ट्रियस्तरको विमानस्थलसँगको आवागमनमा सहज पहुँच भएको, अन्तर्राष्ट्रियस्तरको सभाहल तथा अन्तर्राष्ट्रियस्तरको व्यापारिक प्रदर्शनी स्थलको व्यवस्था भएको, सङ्ग्रहालय भएको,

(च) अन्तर्राष्ट्रियस्तरको होटल सुविधा भएको, विशेष महत्त्वका सम्पदाको संरक्षण भएको,पर्याप्त मनोरञ्जनस्थल भएको, बालउद्यान र जेष्ठ नागरिक मनोरञ्जनस्थल भएको, नाचघर तथा सिर्जना ग्यालेरीहरू भएको, सहरी हरियाली तथा सौन्दर्य भएको र

(ज) तोकिएबमोजिमका अन्य सहरी सुविधाहरू भएको ।

**कर्णाली प्रदेशमा नगरपालिकाहरूको स्थापना र विकासक्रम**

सङ्घीय गणतन्त्र नेपालको स्थापनापश्चात् जारी भएको नेपालको संविधान, २०७२ को मर्मअनुरूप साबिकका १० वटा जिल्लाहरू जुम्ला, डोल्पा, मुगु, कालिकोट र हुम्ला, दैलेख, जाजरकोट र सुर्खेत, सल्यान र रुकुम (पश्चिम) समेटी कर्णाली प्रदेश निर्माण भएको हो (कर्णाली प्रदेश योजना आयोग, २०७७) । यस प्रदेशमा कूल ७९ स्थानीय तहमध्ये २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन् (सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४) ।




*चित्र १*

*स्रोत : कर्णाली प्रदेश योजना आयोग, २०७६)*

कर्णाली प्रदेशमा सर्वप्रथम वि. सं. २०३३ सालमा सुर्खेत जिल्लामा पहिलो नगरपालिकाको रूपमा तत्कालीन वीरेन्द्रनगर नगरपञ्चायत घोषणा गरिएको थियो (वीरेन्द्रनगर नगरपालिका, २०६६) । तत्पश्चात् नगरहरूको

सङ्ख्या थपिँदै गए र हाल जम्मा २५ वटा नगरपालिका स्थापना भएको देखिन्छ। तालिका २ मा कर्णाली प्रदेशमा रहेका स्थानीय तहको स्थापना र विकासक्रम प्रस्तुत गरिएको छ।

**तालिका २ : कर्णाली प्रदेशमा नगरपालिकाहरूको स्थापना र विकासक्रम**

| साल | नगरपालिका सङ्ख्या | जिल्ला | नगरपालिकाको नाम |
|---|---|---|---|
| वि.सं २०३३ | १ | सुर्खेत | वीरेन्द्रनगर |
| वि.सं २०५३ | १ | दैलेख | नारायण |
| वि.सं २०७१ | ५ | दैलेख | दुल्लु |
| | | सल्यान | शारदा |
| | | रुकुम | मुसीकोट |
| | | सुर्खेत | भेरीगङ्गा |
| | | जुम्ला | चन्दननाथ |
| वि.सं २०७२ | ३ | रुकुम | चौरजहारी |
| | | सल्यान | बागचौर |
| | | जाजरकोट | भेरी |
| वि.सं २०७३ | १५ | सुर्खेत | गुर्भाकोट, पञ्चपुरी र लेकवेसी |
| | | रुकुम | आठबीसकोट |
| | | दैलेख | आठबिस, चामुण्डा–विन्द्रासैनी |
| | | जाजरकोट | छेडागाढ, त्रिवेणीनलगाड |
| | | डोल्पा | ठुलीभेरी, त्रिपुरासुन्दरी |
| | | कालीकोट | खाँडाचक्र रास्कोट, तिलागुफा |
| | | मुगु | छायांनाथ रारा |

*स्रोत :* रेग्मी, २०७५।

## कर्णाली प्रदेशमा जिल्लागत नगरपालिकाहरूको वितरण

कर्णाली प्रदेशमा २५ वटा नगरपालिका रहेका छन्। कर्णाली प्रदेशमा जिल्लागत नगरपालिकाहरूको सङ्ख्या वितरण समान रहेको देखिँदैन । तालिका ३ अनुसार सुर्खेत जिल्लामा सबैभन्दा धेरै ५वटा नगरपालिकाहरू छन् भने रुकुम पश्चिम, सल्यान, जाजरकोट र कालीकोट जिल्लामा तीन तीनवटा नगरपालिका रहेका छन्। यसैगरी डोल्पामा दुइवटा नगरपालिका, जुम्लामा १ वटा र मुगुमा १ वटा मात्र नगरपालिका रहेका छन्। हुम्ला जिल्लाबाहेक अरू सबै जिल्लामा नगरपालिका रहेको देखिन्छ (तालिका ३)।

**तालिका ३ : कर्णाली प्रदेशमा जिल्लागत नगरपालिका वितरण**

| जिल्ला | कूल स्थानीय तह सङ्ख्या | नगरपालिका सङ्ख्या |
|---|---|---|
| रुकुम पश्चिम | ६ | ३ |
| सल्यान | १० | ३ |
| सुर्खेत | ९ | ५ |
| दैलेख | ११ | ४ |
| जाजरकोट | ७ | ३ |
| डोल्पा | ८ | २ |
| जुम्ला | ८ | १ |
| कालिकोट | ९ | ३ |
| मुगु | ४ | १ |
| हुम्ला | ७ | – |
| **कर्णाली प्रदेश** | **७९** | **२५** |

*स्रोत :* नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४


**कर्णाली प्रदेशमा जिल्लागत नगर जनसङ्ख्या वितरण**

यस प्रदेशमा रहेका १० जिल्लाहरूमा जिल्लागत नगर जनसङ्ख्या वितरणमा असमानता रहेको देखिन्छ । यस प्रदेशका १० वटा जिल्लाहरूमध्ये हुम्ला जिल्लामा नगर क्षेत्र रहेको छैन । जनगणना २०७८ अनुसार विभिन्न जिल्लाहरूमा जिल्लाको कूल जनसङ्ख्यामा नगर जनसङ्ख्या प्रतिशत हेर्ने हो भने सबैभन्दा धेरै सुर्खेत जिल्लामा कूल जनसङ्ख्याको लगभग ७८ प्रतिशत नगर जनसङ्ख्या रहेको देखिन्छ भने सबैभन्दा कम जुम्लामा करिब १९ प्रतिशत नगर जनसङ्ख्या रहेको छ (तालिका ४) ।

**तालिका नं. ४ : कर्णाली प्रदेशमा जिल्लागत नगर जनसङ्ख्या वितरण**

| जिल्ला | जनगणना २०७८ | | |
|---|---|---|---|
| | जिल्लाको कूल जनसङ्ख्या | नगर जनसङ्ख्या | जिल्लाको कूल जनसङ्ख्यामा नगर जनसङ्ख्या प्रतिशत |
| रुकुम (पश्चिम) | १६६७४० | १००३५७ | ६० |
| सल्यान | २३८५१५ | १०२४९१ | ४३ |
| सुर्खेत | ४१५१२६ | ३२२३०५ | ७८ |
| दैलेख | २५२३१३ | १२३५५९ | ५० |
| जाजरकोट | १८९३६० | १०५७३८ | ५६ |
| डोल्पा | ४२७७४ | २२६०८ | ५३ |
| जुम्ला | ११८३४९ | २२०७१ | १९ |
| कालिकोट | १४५२९२ | ५६३४८ | ३९ |
| मुगु | ६४५४९ | २४८६२ | ३९ |
| हुम्ला | ५५३९४ | ० | ० |
| **कर्णाली प्रदेश** | **१६८८४१२** | **८८०३३९** | **५२.१** |

*स्रोत :* NSO,2023




**चित्र २**

चित्र २ मा कर्णाली प्रदेशको जनसङ्ख्या वितरण देखाइएको छ । यसबाट के प्रस्ट हुन्छ भने कर्णाली प्रदेशको दक्षिणी क्षेत्रमा जनसङ्ख्या सापेक्षिक रूपमा बाक्लो रहेको छ । कर्णाली प्रदेशको दक्षिणी क्षेत्रहरूमा जनसङ्ख्या बाक्लो हुनुका कारणहरूमा भौगोलिक सुगमता, खेतीयोग्य जमिन उपलब्धता हुनु, सहरी सेवा र सुविधाहरूको उपलब्धता, यातायात र सञ्चारको विकासजस्ता पक्षहरू रहेको देखिन्छ । उत्तरी क्षेत्रमा जनसङ्ख्या पातलो रहेको देखिन्छ । यसो हुनुमा भौगोलिक विकटता, विषम जलवायु, विकासका पूर्वाधारमा कमी र अपर्याप्त कृषि जमिन आदिलाई मुख्य कारणहरू हुन मान्न सकिन्छ ।

**कर्णाली प्रदेशमा नगरपालिकाहरूको जनसङ्ख्या, जनघनत्व र वार्षिक जनसङ्ख्या वृद्धिदर**

कर्णाली प्रदेशमा नगरपालिकाहरूको जनसङ्ख्या वितरणमा विभिन्नता रहेको छ । तालिका ५ अनुसार यस प्रदेशमा रहेका २५ नगरपालिकाहरूमा सबैभन्दा धेरै जनसङ्ख्या सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकामा रहेको छ । जनगणना २०७८ अनुसार यस नगरपालिकामा १५३८६३ नगर जनसङ्ख्या रहेको देखिन्छ भने सबैभन्दा कम डोल्पा जिल्लाको ठुली भेरी नगरपालिकामा ९८६१ नगर जनसङ्ख्या रहेको छ । यसैगरी २०६८ सालको जनगणनामा पनि सबैभन्दा धेरै जनसङ्ख्या सुर्खेत जिल्लाको बीरेन्द्रनगर नगरपालिकामा (१००४५८) र सबैभन्दा कम नगर जनसङ्ख्या डोल्पा जिल्लाको ठुलीभेरी नगरपालिकामा (८७३०) रहेको देखिन्छ ।


यसैगरी कर्णाली प्रदेशमा नगरपालिकाहरूको जनघनत्व वितरणमा पनि विभिन्नता रहेको छ । जनगणना २०७८ अनुसार यस प्रदेशमा सबैभन्दा बढी नगर जनघनत्व सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा रहेको छ, यसको जनघनत्व ६२८ व्यक्ति प्रतिवर्ग कि.मि. रहेको देखिन्छ । यसैगरी सबैभन्दा कम नगर जनघनत्व डोल्पा जिल्लाको ठुली भेरी नगरपालिकामा (२३ व्यक्ति प्रतिवर्ग कि.मि.) रहेको छ (तालिका ५) ।

कर्णाली प्रदेशमा नगरपालिकाहरूको वार्षिक जनसङ्ख्या वृद्धिदरमा पनि विभिन्नता रहेको छ । तालिका ५ अनुसार कर्णाली प्रदेशमा रहेका नगरपाकिाहरूको जनसङ्ख्याको वार्षिक वृद्धिदर हेर्ने हो भने २०६८ देखि २०७८ को जनगणना अवधिमा सबैभन्दा बढी वार्षिक जनसङ्ख्या वृद्धिदर सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा ४.०९ प्रतिशत र सबैभन्दा कम वार्षिक जनसङ्ख्या वृद्धिदर (-०.८७ प्रतिशत) सल्यान जिल्लाको बनगाड कुपिण्डे नगरपालिकामा रहेको छ । नगरपालिकाहरूको जनसङ्ख्याको वार्षिक वृद्धिदर विश्लेषण गर्दा २१ वटा नगरपालिकाहरूमा वार्षिक जनसङ्ख्या वृद्धिदर धनात्मक देखिन्छ । वार्षिक जनसङ्ख्या वृद्धिदर धनात्मक भइकन नगरपालिकाअन्तर्गत सुर्खेत जिल्लाका वीरेन्द्रनगर, भेरीगङ्गा, लेकबेसी, गुर्भाकोट र पञ्चपुरी नगरपालिका, कालीकोट जिल्लाको खाँडाचक, रास्कोट र तिलागुफा नगरपालिका, सल्यान जिल्लाका शारदा नगरपालिका, रुकुम जिल्लाका मुसिकोट, चौरजहारी,र आठबिसकोट नगरपालिका, जुम्ला जिल्लाका चन्दननाथ, जाजरकोट जिल्लाका छेडागाड, ठुलीभेरी र त्रिवेणी नलगाढ नगरपालिका, दैलेखको चामुण्डा–विन्द्रासैनी र आठबिस नगरपालिका, डोल्पा जिल्लाको त्रिपुरासुन्दरी, मुगु जिल्लाको छायाँनाथ–रारा पर्दछन् । यसैगरी ४ वटा नगरपालिकाहरूमा वार्षिक जनसङ्ख्या वृद्धिदर ऋणात्मक देखिन्छ । वार्षिक जनसङ्ख्या वृद्धिदर ऋणात्मक हुने नगरपालिकाहरूअन्तर्गत सल्यान जिल्लाका बागचौर, वनगाडकुपिण्डे नगरपालिका र दैलेखको नारायण र दुल्लु नगरपालिका पर्दछन् (तालिका ५)।

**तालिका ५ : कर्णाली प्रदेशमा नगरपालिकाहरूको जनसङ्ख्या, जनघनत्व वितरण र वार्षिक जनसङ्ख्या वृद्धिदर**

| क.सं | जिल्ला | नगरपालीकाहरूको नाम | | नगर जनसङ्ख्या २०६८ | २०७८ | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | नगर जनसङ्ख्या | वार्षिक जनसङ्ख्या वृद्धिदर(प्रतिशतमा) | नगर जनघनत्व (व्यक्ति प्रतिवर्ग कि.मि) |
| १ | रुकुम | १ | मुसिकोट | ३२९३९ | ३४२७० | ०.३८ | २५२ |
| | | २ | चौरजाहारी | २७४३८ | २८९५६ | ०.५२ | २७० |
| | | ३ | आठबिसकोट | ३३६०१ | ३५९१७ | ०.६४ | ६४ |
| २ | सल्यान | १ | शारदा | ३३७३० | ३४६६३ | ०.३६ | १७५ |
| | | २ | बागचौर | ३४११८ | ३४०२१ | -०.०३ | २०९ |
| | | ३ | वनगाड कुपिण्डे | ३६०५२ | ३२९४० | –०.८७ | ९७ |
| ३ | सुर्खेत | १ | वीरेन्द्रनगर | १००४५८ | १५३८६३ | ४.०९ | ६२८ |
| | | २ | भेरीगङ्गा | ४१४०७ | ४८२०३ | १.४६ | १८८ |
| | | ३ | गुर्भाकोट | ४३७६५ | ४८२१६ | ०.९३ | २११ |
| | | ४ | पञ्चपुरी | ३२२६१ | ३५८३९ | १.०२ | १०९ |
| | | ५ | लेकबेसीँ | ३०२९५ | ३१७१० | ०.४४ | १७५ |
| ४ | दैलेख | १ | नारायण | २७०३७ | २६१११ | -०.३३ | २३६ |
| | | २ | दुल्लु | ४१५४० | ३९१४३ | -०.५७ | २५० |
| | | ३ | चामुण्डा विन्द्रासैनी | २६१४९ | २६५५९ | ०.१५ | २९३ |
| | | ४ | आठबिस | २९२२७ | ३१०९२ | ०.८५ | १८५ |
| ५ | जाजरकोट | १ | भेरी | ३३५१५ | ३७८९२ | १.१८ | १७२ |
| | | २ | छेडागाढ | ३५२९५ | ३७८७७ | ०.६८ | १३३ |
| | | ३ | त्रिवेणीनलगाढ | २५५९७ | २८९२२ | १.१७ | ७५ |
| ६ | डोल्पा | १ | ठुलीभेरी | ८३७० | ९८६१ | १.५७ | २३ |
| | | २ | त्रिपुरासुन्दरी | १०१०४ | १२२३३ | १.८३ | ३१ |
| ७ | जुम्ला | १ | चन्दननाथ | १९०४७ | २१०३६ | ०.९५ | २०६ |
| ८ | कालिकोट | १ | खाँडाचक्र | २०२८८ | २२२७४ | ०.९० | १६७ |
| | | २ | रास्कोट | १६२७२ | १७४२५ | ०.६६ | २९२ |
| | | ३ | तिलागुफा | १५७६६ | १६१९७ | ०.२६ | ६२ |
| ९ | मुगु | १ | छायानाथ रारा | २००७८ | २४५२७ | १.९२ | ५१ |

*स्रोत :* NSO, 2023




**चित्र ३**

चित्र ३ मा कर्णाली प्रदेशको जनघनत्व देखाइएको छ । भौगोलिक दृष्टिकोणबाट हेर्दा ३०० व्यक्ति/वर्ग कि.मि.भन्दा बढी जनघनत्व हुने नगरपालिका सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका मात्र पर्दछ । यसो हुनुको मूल कारणहरू सुर्खेत उपत्यकामा सडक सञ्जालको राम्रो विकास, सहरी सेवासुविधाहरूको उपलब्धता हुनु, प्रदेश सदरमुकाम कायम हुनु र पर्याप्त कृषि जमिन हनु आदि पक्षहरू हुन् । यसैगरी ९ वटा नगरपालिकाहरूमा १०० देखि ३००व्यक्ति/वर्ग कि.मि.जनघनत्व रहेको छ । यी नगरपालिकाहरू मुसिकोट, चौरजहारी, बागचौर, गुर्भाकोट, नारायण, दुल्लु, चामुण्डाबिन्द्रासैनी, रास्कोट र चन्दननाथ हुन् । यी नगरक्षेत्रहरूमा सघन जनघनत्व हुनुका कारणहरूमा खेतीयोग्य जमिन उपलब्ध हुनु, सहरी सेवा र सुविधाहरूको उपलब्धताजस्ता पक्षहरू रहेको देखिन्छ । यस्तै १५वटा नगरपालिकाहरूमा १०० व्यक्ति प्रतिवर्ग कि.मि.भन्दा कम जनघनत्व रहेको देखिन्छ । यी नगरपालिकाहरू आठबिसकोट, शारदा, बनगाड-कुपिण्डे, भेरीगङ्गा, पन्चपुरी, लेकबेसी, आठबिस, भेरी, छेडागाड, खाँडाचक, ठुलीभेरी, त्रिवेणी-नलगाड, त्रिपुरासुन्दरी, छायानाथ रारा, तिलगुफा हुन् । कम जनघनत्व हुनुमा भौगोलिक विकटता, विकासका पूर्वाधारमा कमी र अपर्याप्त कृषि जमिन आदिलाई मुख्य कारणहरू मान्न सकिन्छ ।

**कर्णाली प्रदेशमा सडक सञ्जाल, सहरी विकासको सम्भावना**

कर्णाली प्रदेशमा सडक सञ्जालको अवस्था अन्य प्रदेशहरूभन्दा कमजोर रहेको देखिन्छ । कूल सडक लम्बाइ, प्रति कि.मि. सडक प्रभावित जनसङ्ख्या र सडक घनत्व हेर्दा क्रमशः कर्णाली प्रदेशमा १४४१.१९ कि.मि. सडक,

११७१ सडक प्रभावित जनसङ्ख्या र ४.७७ कि.मि./१०० वर्ग कि.मि) सडक घनत्व रहेको छ । नेपालका सात प्रदेशहरूमध्ये कर्णाली प्रदेश कूलसडक लम्बाइमा छैटौं स्थानमा, प्रति कि.मि. सडक प्रभावित जनसङ्ख्या र सडक घनत्वमा अन्तिम स्थानमा पर्दछ (सडक विभाग, २०२१) । यसले के देखाउँछ भने सडक सञ्जालको अवस्था कमजोर भएकोले कर्णाली प्रदेशमा सहरीकरणको गति पनि सुस्त रहेको छ भन्न सकिन्छ। प्रदेशगत सडक स्थिति तालिका ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : नेपालमा प्रदेशगत सडक स्थिति**

| प्रदेश | जनसङ्ख्या | कूल क्षेत्रफल (वर्ग कि.मि.) | कूल सडक लम्बाइ (कि.मिं) | प्रति कि.मि. सडक प्रभावित जनसङ्ख्या | सडकघनत्व (कि.मि./१०० वर्ग कि.मि) |
|---|---|---|---|---|---|
| कोशी | ४९६१४१२ | २५९०६ | १८९२.८६ | २६२१ | ७.३१ |
| मधेश | ६११४६०० | ९६६१ | ९११.९१ | ६७०५ | ९.४४ |
| बागमती | ६११६८६६ | २०३०० | १८८२.६३ | ३२४९ | ९.३२ |
| गण्डकी | २४६६४२७ | २१८३२ | १३०६.३६ | १८८८ | ५.९८ |
| लुम्बिनी | ५१२२०५८ | १९७३४ | २३७९.६५ | २१५२ | १२.०६ |
| कर्णाली | २६८८४१२ | ३०२०९ | १४४१.१९ | ११७१ | ४.७७ |
| सुदूरपश्चिम | २६९४७८३ | १९८७४ | १३५४.३२ | १९४९ | ७.८१ |
| नेपाल | २९१९४५७८ | १४७५१६ | १११७८.९२ | २६०९ | ७.५८ |

*स्रोत :* सडक विभाग, २०२१

कर्णाली प्रदेशमा कर्णाली राजमार्ग (जमुनाह–हिल्सा), नेपालगन्ज–सुर्खेत–दैलेख-महाबु-गाल्जे भात्तडी सडक, रतडा–नाग्म-गमगढी–नाक्चेलाग्ना सडक, मध्यपहाडी राजमार्ग (पुष्पलाल राजमार्ग), मदन भण्डारी राजमार्ग, मनाङ–मुस्ताङ–डोल्पा–जुम्ला सडक, छिन्चु जाजरकोट– डोल्पा लगायतका महत्त्वपूर्ण सडकहरू र अन्य प्रदेश सदरमुकाम जोड्ने सडक तथा स्थानीय सडकहरू निर्माणाधीन अवस्थामा रहेका छन् (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०८०) । यी सडकहरूको निर्माणकार्य सम्पन्न भएपछि सहरी क्षेत्रको विकास विस्तार भई निश्चय नै यस प्रदेशको आर्थिक गतिविधि तीव्र हुने छ । साथै सहरी क्षेत्र र सडक आसपासका ग्रामीण क्षेत्रको कृषि विकासमा पनि सकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ ।

यसैगरी नेपाल सरकारले मध्यपहाडी राजमार्ग आसपासमा पूर्वदेखि पश्चिमसम्म १० वटा नयाँ सहरको स्थापना गर्ने घोषणा गरेको एक दशक नाघिसकेको छ । यी नयाँ १० वटा सहरहरूमध्ये कर्णाली प्रदेशमा दैलेख जिल्लाको राकम कर्णाली र रुकुम पश्चिम जिल्लाको चौरजहारी छनौटमा परेका छन् (DUDBC, 2068) । त्यसैगरी आर्थिक वर्ष सन् २०१६/मा १७ नेपाल सरकारले ११ वटा स्मार्ट सीटी निर्माण गर्ने घोषणा गरेको छ । यी स्मार्ट सीटीहरूमध्ये कर्णाली प्रदेशमा सुर्खेत जिल्लामा भेरीनदीको किनारमा नयाँ सहरको रूपमा भेरीगङ्गा सहर र दैलेख जिल्लाको दुल्लुलाई छनोट गरिएको छ (सुवेदी, २०२०) । कर्णाली प्रदेशमा स्थापना हुने चारवटा नयाँ सहरहरूको निर्माणले गति लिएपछि निश्चय नै सहरीकरणको प्रक्रिया र गति अझ तीव्र हुने अनुमान गर्न सकिन्छ। यसर्थ, यस प्रदेशमा सहरी संरचनाको योजनाबद्ध विकासलाई समुचित ढङ्गले अगाडि बढाउन उपयुक्त नीतिगत व्यवस्था गर्नु आवश्यक छ ।

## निष्कर्ष

नेपालमा सहरको विकास काठमाडौँ उपत्यकाबाट भए पनि मूल रूपमा २००७ सालको जनक्रान्तिपछि नेपाल बाह्य सम्पकर्मा पुगेपछि सहरीकरण प्रक्रियाले गति लिएको पाइन्छ । नेपालले मुख्य रूपमा जनसङ्ख्यालाई मुख्य आधार मानेर समयक्रममा सहरी क्षेत्र तोक्ने आधारहरू परिवर्तन गर्दै आएको छ । सबैभन्दा पछिल्लो आधार र सहरी क्षेत्रको वर्गीकरण सङ्घीय नेपालको संविधान २०७२ को मर्म स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरेको छ । सो ऐनबमोजिम हाल नेपालमा ६वटा महानगरपालिका ११वटा उपमहानगरपालिका र २७६ वटा नगरपालिकाहरू गरी कूल २९३ नगर क्षेत्रहरूको स्थापना भएको छ । यीमध्ये कर्णाली प्रदेशमा कूल ७९ स्थानीय तह रहेका छन्, जसमा २५ वटा नगरपालिका पर्दछन् ।

कर्णाली प्रदेशको कूल जनसङ्ख्या (१६८८४१२)मा ५२.१ प्रतिशत जनसङ्ख्या सहरी जनसङ्ख्या रहेको देखिन्छ । सङ्ख्यात्मक हिसाबले हेर्दा कर्णाली प्रदेशमा रहेका कूल १० जिल्लामध्ये सबैभन्दा धेरै ५ नगरपालिकाहरू सुर्खेत जिल्लामा छन् भने हुम्ला जिल्ला नगरपालिकाविहीन छ । नगर जनसङ्ख्या हेर्दा सबैभन्दा धेरै जनसङ्ख्या सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकामा (१५३८६३ जना) नगर जनसङ्ख्या रहेको देखिन्छ भने सबैभन्दा कम नगरजनसङ्ख्या डोल्पा जिल्लाको ठुलीभेरी नगरपालिकामा (९८६१) रहेको छ । यसैगरी नगरपालिकाहरूको जनसङ्ख्याको वार्षिक वृद्धिदर विश्लेषण गर्दा २१ वटा नगरपालिकाहरूमा वार्षिक जनसङ्ख्या वृद्धिदर धनात्मक देखिन्छ भने यसैगरी ४ वटा नगरपालिकाहरूमा वार्षिक जनसङ्ख्या वृद्धिदर ऋणात्मक देखिन्छ ।

नगरजनघनत्व हेर्ने हो भने सडक सञ्जालको राम्रो विकास, सहरी सेवासुविधाहरूको उपलब्धता हुनु, प्रदेश सदरमुकाम कायम हुनु र पर्याप्त कृषि जमिन हुनु आदि कारणहरूले गर्दा सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा मात्र ३०० व्यक्ति /वर्ग कि.मि भन्दा बढी जनघनत्व रहेको छ जब कि नगरपालिकाहरूमा सोभन्दा कम रहेको छ । समग्रमा कर्णाली प्रदेशमा नगरपालिकाहरूको जनसङ्ख्या, जनघनत्व र वार्षिक जनसङ्ख्या वृद्धिदरमा भिन्नता रहेका देखिन्छ ।

यसैगरी सडक सञ्जालको अवस्था कमजोर भएकोले कर्णाली प्रदेशमा सहरीकरणको गति पनि सुस्त रहेको भए पनि हाल निर्माणाधीन अवस्थामा रहेका विभिन्न सडकहरू निर्माण सम्पन्न भएपछि र नेपाल सरकारले स्थापना गर्न लागेका विभिन्न नयाँ सहरहरूमध्ये यस प्रदेशमा चारवटा नयाँ सहर स्थापनाले गति लिएपछि कर्णाली प्रदेशमा पनि हालको अवस्थाभन्दा सहरीकरणको स्तर उच्च हुने निश्चित छ । यसर्थ यस प्रदेशमा सहरी संरचनाको योजनाबद्ध विकासका लागि उपयुक्त नीतिगत व्यवस्था आवश्यक छ ।

## सन्दर्भ–सामग्री

कर्णाली प्रदेश सरकार, *कर्णाली प्रदेश योजना आयोग* (२०७६) ।

*कर्णाली प्रदेश पार्श्वचित्र* (२०७६), सुर्खेत : कर्णाली प्रदेश सरकार कर्णाली प्रदेश योजना आयोग ।

कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेश योजना आयोग (२०७७), *प्रथम पञ्चवर्षीय योजना, २०७६/०७७–२०८०/०८१,* सुर्खेत : कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेश योजना आयोग ।

नेपाल सरकार (२०७४), *गाउँपालिका तथा नगरपालिकाको सङ्क्षिप्त परिचय पुस्तिका (२०७४),* काठमाडौँ : नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सङ्घीय मामिला शाखा ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७६), *गाउँपालिका तथा नगरपालिकाको सङ्क्षिप्त परिचय पुस्तिका (२०७६),* काठमाडौँ : नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सङ्घीय मामिला शाखा ।

वीरेन्द्रनगर नगरपालिका (२०६६), *वीरेन्द्रनगर नगरपुस्तिका, २०६६,* सुर्खेत : वीरेन्द्रनगर नगरपालिका ।

रेग्मी, किरणराज (२०७५), *कर्णाली प्रदेशमा सहरीकरणको विकास, प्रयास अनुसन्धानमूलक पत्रिका,* सुर्खेत : त्रिभुवन विश्वविद्यालय प्राध्यापक सङ्घ, सुर्खेत क्याम्पस (शिक्षा) एकाइ ।

*भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (२०८०), आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम,* काठमाडौँ : नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

शर्मा, महेन्द्रप्रसाद (२०६४/२०६५), *जनसङ्ख्या अध्ययन तथा जनसङ्ख्या गतिशीलता,* काठमाडौँ : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, पीताम्बर (२०६०), *विकासको बाटो सहरीकरण, हिमाल खबरपत्रिका,* १–१५ जेठ । download from https://nepalihimal.com/article/5352.

Central Bureau of Statistics (2003). *Population Monograph of Nepal, Vol. I*. Kathmandu: CBS, National Planning Commission, HMG, Nepal.

Department of Road (2021). *Statistics of National Highway SNH2020/21*.GoN, Ministry of Physical Infrastructure and Transport, Department of Road.

DUDBC (2068 B.S.). *Feasibility Study of Potential Towns in the Mid Hill Highway Corridor*. Kathmandu: Government of Nepal.

Subedi, B. P. (2014). Urbanization in Nepal: Spatial Pattern, Social Demography, and Development, *Population Monograph of Nepal,* Vol. lll *(pp.95-149)*. Kathmandu: Central Bureau of Statistics.

Subedi, G. (2020). *Political Demography of Nepal.* Kathmandu: Bhrikuti Academic Publication.

DUDBC. (2068 B.S.).*Feasibility Study of Potential Towns in the Mid Hill Highway corridor*. Kathmandu: Government of Nepal.

NSO. (2023). *National Population and Housing Census 2021 Provincial Report (Karnali Province*) Kathmandu; National Statistics Office.

NSO. (2023).*National Population and Housing Census 2021 (National Report*). Kathmandu: National Statistics Office.